# बरहथवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश, प्रदेश नेपाल

# प्राविधिक तथा आर्थिक प्रस्ताव (शिलबन्दी दरभाउपत्र) आह्वान सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९/१२/२९**

यस बरहथवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बरहथवाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार आवधिक योजना निर्माण (तयारी) गर्नुपर्ने भएकोले उल्लेखित कार्य गर्न ईच्छुक सम्बन्धित फर्म, संस्था वा कम्पनीबाट तपसिलका शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले १५ (पन्द्र) दिन भित्र (सरकारी विदा पर्न गएमा) विदाको भोलिपल्ट सम्म कार्यालय समय भित्र प्राविधिक तथा आर्थिक प्रस्ताव (शिलबन्दि दरभाउपत्र) को माध्ययमबाट पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । यस कार्यका लागि कार्यालयबाट तयार पारिएको लागत अनुमान तथा आवधिक योजना तर्जमा सम्वन्धी परामर्शदाताका लागि कार्यशर्त TOR (कार्यविवरण) लगायका कागजातहरु यस बरहथवा नगरपालिकाको वेवसाइट ठेगाना https://www.barhathwamun.gov.np मा हेर्न र थप जानकारीका लागि मो.नं. ९८५४०३८९४८ मा सम्पर्क गर्न सकिनेछ ।

**आवस्यक योग्यता तथा शर्तहरु**

१. प्रस्ताव पेश गर्ने संस्था चालु आ.व.का लागि नविकरण भएको हुनुपर्ने छ ।

२. स्थायीलेखा नं.(PAN) दर्ता र आ.व. २०७८।०७९ को कर चुक्ताको प्रमाण प्रस्ताव साथ पेश गरेको हुनुपर्नेछ ।

३. प्राविधिक र आर्थिक प्रस्ताव छुट्टा छुट्टै दुईवटा खामबन्दि गरी दुवै प्रस्ताव एउटा खाममा खामबन्दि लाहछाप (शिलबन्दि) सहित तोकिएको मिति भित्र रित पूर्वक निवेदन साथ प्रस्ताव पेश गरेको हुनुपर्नेछ ।

४. प्रस्ताव पेश गर्ने संस्थाहरुले आवधिक योजना तयारी कार्यमा खटिने बास्तविक बिज्ञहरुको बायोडाटा प्रस्ताव साथ पेश गर्नुपर्नेछ ।

५. प्रस्तावमा कार्यक्रमको उपलब्धि मापन गर्ने आधार र सूचकहरु स्पष्ट उल्लेख भएको हुनुपर्नेछ ।

६. प्रस्ताव पेश गर्ने संस्थाले प्रस्ताव पेश गर्दा २०८० साल असार १५ गते सम्म बरहथवा नगर कार्यपालिका बैठकबाट आवधिक योजना स्वीकृत (अनुमोदन) हुने गरी कार्ययोजना पेश गर्नुपर्नेछ ।

७. सम्बन्धित क्षेत्रमा स्थानीय तह संग सहकार्य गरी कार्य गरेको अनुभव प्रमाण पत्रहरु पेश गरेको हुनुपर्ने छ ।

८. आवधिक योजना तयारी सम्बन्धि सम्पूर्ण क्रियाकलाप सम्पन्न गर्न यस कार्यालयबाट तयार पारिएको लागत अनुमानको आधारमा आर्थिक प्रस्ताव मू.अ.कर सहित बढिमा १९,९२,५५१.६०/-अक्षरेपी उन्नाइस लाख बिरान्नब्बे हजार पाँचसय एकाउन्न रुपैया साठी पैसा मात्र सम्मको हुनुपर्ने छ ।

९. रितपूर्वक दर्ता भएको प्रस्तावहरु सूचना प्रकाशन भएको मितिले १६ औं दिनको ०२:०० बजे सम्बन्धित प्रस्तावक प्रतिनिधिहरुको रोहबरमा यस न.पा.को कार्यालयमा प्रस्तावहरु खोदिनेछ (सबै प्रस्तावकहरुको प्रतिनिधि उपस्थित नभएमा पनी प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन) ।

१०. प्रस्तावहरुको मूल्यांकन सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

**मदन कुमार थापा**

**प्रमुख प्रशासकीय अधिकृत**

# बरहथवा नगरपालिकाको आवधिक योजना तर्जुमा सम्वन्धी परामर्शदाताका लागि कार्यशर्त

## (Terms of Reference)

**चैत्र २०७९**

**बरहथवा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**बरहथवा, सर्लाही**

**मधेश प्रदेश, नेपाल**


**फोन नम्बर: ०४६-५४०३१०**

**इमेल ठेगाना: barahathawamun@gmail.com**

**वेवसेट ठेगाना: https://www.barhathwamun.gov.np**


Scanned with CamScanner

१. पृष्ठभूमि:

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरे बमोजिम स्थानीय तहले आफ्नो कार्य संचालन गर्दै आइरहेका छन् । स्थानीय तहबाट उक्त ऐनको दफा ११ को उपदफा २(छ) अनुसार स्थानीय स्तरको विकास निर्माण सम्बन्धी आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने व्यवस्था छ । स्थानीय तहमा उपलब्ध स्रोत साधन र अवसरहरूलाई अधिकतम परिचालन गर्दै नेपाल सरकारले परिकल्पना गरेको "समृद्ध नेपाल, सुखी नेपाली" र मधेश प्रदेशको सरकारले तय गरेको "उच्च मानव विकास र पहिचान, समृद्ध मधेस समाज" को दीर्घकालिन सोच तथा दीगो विकासका लक्ष्य हासिल गर्न स्थानीय आवश्यकता, प्राथमिकता र विकासको संभावनाहरुमा आधारित भई स्थानीय तहमा समेत योजनाबद्ध विकासको पद्धति अवलम्वन गर्नु पर्ने आवश्यकता छ।

स्थानीय तहहरुलाई संविधानको अनुसूची ८ मा उल्लेखित एकल अधिकारहरु र अनुसूची ९ मा उल्लेखित साझा अधिकारहरु प्रयोग गर्ने अधिकार दिएको छ । यसका साथै स्थानीय तहहरूले आफ्ना अधिकार र जिम्मेवारीको प्रयोग र अभ्यास गर्दा नेपाल सरकारको बि.सं. २१०० सम्म दिगो विकासका लक्ष्य प्राप्त गरी उच्च आय भएको देशमा रुपान्तरण गरी समृद्ध नेपाल र सुखी नेपाली बनाउने दीर्घकालिन सोच, नेपाललाई बि.सं.२०८७ सम्म उच्च मध्यम आय स्तर भएको देश, बि.सं. २०७९ सम्म अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने गरी निर्धारण गरेका लक्ष्य र सूचकहरुलाई योगदान पुर्याउने तथा प्रादेशिक सोच, नीति र कानुन अनुरूप गर्नुपर्ने प्रावधान छ । स्थानीय तहहरुले संविधानमा उल्लेखित निर्देशक सिद्धान्तहरु तथा राज्यका नीतिहरु बमोजिम मानव अधिकार, सामाजिक न्याय, अधिकारमा आधारित समावेशीमूलक विकास सम्बन्धि प्रावधानहरुको पनि पूर्ण परिपालना गर्नुपर्दछ । यसका साथै, आ-आफ्ना योजनाहरु र कार्यक्रमहरु मार्फत दिगो विकास लक्ष्यहरु हासिल गर्न योगदान पुर्याउने महत्वपूर्ण उत्तरदायित्व पनि सम्बन्धित स्थानीय तहहरुलाई सुम्पेकोछ ।

२. औचित्य

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ मा गाउँपालिका र नगरपालिकाहरुले आफ्नो अधिकार क्षेत्र भित्रको स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिक, विषयगत, मध्यकालीन र दीर्घकालीन योजना बनाएर लागू गर्नुपर्ने व्यवस्था गरिएको छ । यस दिशामा स्थानीय तहहरूको आवधिक योजना आफुले लिएको सोच पूरा गर्न र चाहेको विकास गन्तव्य तर्फ क्रमिक रुपमा बढ्ने कामलाई निर्देशित गर्न तयार गरिन्छ । यसै सन्दर्भमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय विच सम्झौता भई प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम कार्यान्वयनमा रहेको छ । यसै कार्यक्रम अन्तर्गतका प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको चालु आ.ब. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम स्थानीय तहहरू (उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका) हरूको लागि आवधिक योजना निर्माण गर्नुपर्ने रहेको छ ।

यसरी योजना बनाउँदा संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रिया, संघीय सरकारको १५ औं योजनाको आधार पत्रसंग अनुकूल हुनु पर्ने व्यवस्था रहेकोछ । सुशासन, विपद् ब्यबस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरुलाई सम्बोधन गर्दै स्थानीय तहहरुले विकेन्द्रिकरण र अधिकार निक्षेपणको सिद्धान्तहरु बमोजिम नागरिकहरू र विशेष गरि सुविधावञ्चित वर्गहरुको पहुँच, सहभागीता र सुविधाको उपलव्धतामा ध्यान दिदै योजना बनाउनुपर्नेमा जोड दिएको छ । स्थानीय तहको आवधिक योजना तर्जुमा सम्बन्धमा भएका कानूनी व्यवस्था र संघ तथा प्रदेश तहबाट तयार गरिएको निर्देशिकाको परिपालना गरी नगर/गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्ने प्रयोजनको लागि कामको उद्देश्य र दायरा, परामर्शदाताको योग्यता, भूमिका, जिम्मेवारी र दायित्व स्पष्ट पार्नको लागि यो कार्यशर्त तयार गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश प्रदेश
२०७३

३. उद्देश्यः

स्थानीय सरकार संचालन ऐन २०७४ तथा राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ को ढाँचा अनुसार नेपाल सरकार र प्रदेश सरकारको दीर्घकालिन सोच, नीति तथा योजना र दीगो विकासका लक्ष्यसँग तादाम्यता कायम हुने गरी बरहथवा नगरपालिकाको आवधिक योजना निर्माण गर्ने जसका निर्दिस्ट उद्देश्यहरू निम्नानुसार रहेका छन्।

क. स्थानीय तहको दीर्घकालिन सोच, स्थानीय आवश्यकता, प्राथामिकता र विकासका संभावनाहरूका आधारमा आवधिक योजना तयार गर्ने ।

ख. स्थानीय तहमा योजनाबद्ध तथा दिगो विकास लक्ष्यहरूलाई योदान गर्ने दिशामा विकास पद्दतिलाई निर्देशित गर्न मार्गदर्शन तयार गर्ने ।

**४. आवधिक योजना तर्जुमाका रणनिति तथा प्रक्रिया:**

परामर्शदाताले आवधिक योजना तर्जुमाको क्रममा निम्नानुसारका विधि र प्रक्रिया अनुसार सम्पन्न गर्नुपर्नेछः

क) राष्ट्रिय तथा प्रदेश तहका नीति, योजना र सान्दर्भिक कानून, सम्बन्धित नगर/गाउँपालिकाको नीति, योजना, कानुन र दस्तावेजको अध्ययन गर्नुपर्नेछ ।

ख) एकिकृत आवधिक योजना तर्जुमाको लागि आवश्यक तथ्यांक संकलन, विश्लेषण र प्रमाणिकरण गर्नुका साथै विभिन्न तह र चरणमा कार्यशाला र छलफल आयोजना गर्नुपर्नेछ ।

ग) हालसालै सार्वजनिक भएको रास्ट्रिय जनगणना २०७८ बाट आवश्यक तथ्याङ्कहरूको सभार गर्न सकिनेछ ।

घ) यस बरहथवा नगरपालिकाको गरिब घर धुरी पहिचान सर्वेक्षन सम्बन्धि तथ्याङ्कहरूको सभार गर्न सकिनेछ ।

ङ) आवधिक योजना निर्माण गर्दा परामर्शदाताले कार्यस्थलमै प्राविधिक सहजकीकरण समितिको प्रत्यक्ष निगारानीमा आवश्यक दस्तावेजहरू तयार गर्नुपर्नेछ ।

च) आवधिक योजना निर्माणको क्रममा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, का अनुसूची बमोजिम समेतका दस्तावेजहरू तयार गर्नुपर्नेछ ।

छ) यस कार्यशर्तमा तोकिए अनुसारको विधि, प्रक्रिया, चरण तथा क्रियाकलापहरू पूरा गरी तोकिएको मापदण्ड र ढाँचामा आवधिक योजनाको मस्यौदा तयार गर्नुपर्नेछ ।

ज) आवधिक योजना तर्जुमा निर्देशक समितिको निर्देशन र प्रादेशिक सुशासन केन्द्रसँगको आवश्यक समन्वय, सल्लाह-सुझाव र पृष्ठपोषण अनुसार आवधिक योजनालाई अन्तिम रुप दिनुपर्नेछ ।

झ) यस कार्यशर्त विवरण, सम्झौता तथा कार्ययोजना अनुसार कार्यसम्पन्न प्रतिवेदन, तथ्यांक, दस्तावेज एवं कागजातहरू पेश गर्नुपर्नेछ ।

**५. परामर्शदाताले सम्पन्न गर्नु पर्ने कार्यहरू:**

बरहथवा नगरपालिकाको प्रत्यक्ष सुपरीवेक्षण र प्रादेशिक सुशासन केन्द्रको समन्वयमा सहभागितामूलक विधिको अवलम्वन गरी एकिकृत विकास/आवधिक योजना तर्जुमा गर्न निम्न विधि र प्रकृया अवलम्बन गरनु पर्नेछ ।

**५.१ आवधिक योजना तर्जुमामा स्थानीय तहको भूमिकाबारे अन्तर्क्रिया र सहजिकरणः**

- परामर्शदातासंगको सम्झौता सम्पन्न भएपछि कार्य प्रारम्भ गर्नु पूर्व पालिकाका प्रतिनिधिहरूको सहभागीतामा योजना तर्जुमाको क्रममा पालिकाको भूमिकावारे आयोजना गरिने एक-दिवसिय अन्तर्क्रियाको सहजिकरण गर्ने ।
- अन्तर्क्रियाको क्रममा आवधिक योजना तर्जुमा प्रक्रियामा टोली परिचालनका लागि प्रारम्भिक कार्ययोजना बारे छलफल गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश प्रदेश

## ५.२ विषयगत समिति/उपसमिति गठन गर्न सहजिकरण

आवधिक योजना तर्जुमा गर्ने सन्दर्भमा एकिकृत विकासका समग्र क्षेत्रहरूको तथयाङ्क संकलन तथा सहजिकरणको लागि निम्नानुसारको समितिहरू गठन गर्न लगाउने ।

(क) निर्देशक समितिः पालिका प्रमुखको संयोजकत्वमा निर्देशक समितिको गठन गर्न लगाउने,

(ख) ब्यवस्थापन समितिः आवधिक योजनाको प्राविधिक कामको अनुगमन र सहजीकरणको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा ब्यवस्थापन समिति गठन गर्ने ।

बिषयगत समितिहरूः

(क) **आर्थिक विकास समिति:** कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र।

(ख) **समाजिक विकास समिति:** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति, लैंगिक समानता तथा सामाजिक समावेशीकरण।

(ग) **पूर्वाधार विकास समिति:** सडक तथा पुल, सिंचाइ, भवन तथा सहरी विकास, ऊर्जा, वैकल्पिक ऊर्जा, संचार।

(घ) **वातावरण तथा विपद व्यवस्थापन समिति:** वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्तपन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन।

(ङ) **संस्थागत विकास सेवा प्रवाह तथा सुशासन समिति:** मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधीको प्रयोग, लेखाङ्कन, राजस्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखापरीक्षण तथा बेरुजु फछ्र्यौट।

## ५.३ विषयगत समिति/उपसमितिलाई अभिमुखिकरण र सहजिकरण

- आवधिक योजनाको अवधारणा र कार्य प्रक्रियाबारे स्थानीय तहका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य, विषयगत समितिका सदस्य र कर्मचारीलाई आवधिक विकास योजना तर्जुमा सम्बन्धमा ३-दिने अभिमुखीकरण गोष्ठि संचालन गर्ने।
- आवधिक योजना तर्जुमाको लागि गठन भएका विषयगत समितिको परिचालनको लागि सहजिकरण गर्ने ।
- नगर कार्यपालिकासँग समन्वय गरी योजना तर्जुमाको लागि विभिन्न तहको कार्यशाला, छलफल र बैठकहरू आयोजना र सहजिकरण गर्ने ।
- कार्ययोजना तथा प्रगति समीक्षाको लागि नगरपालिकासँग बैठक आयोजना गर्ने

## ५.४ तथ्यांक संकलन र विश्लेषणः

- आवधिक योजनाको लागि आवश्यक तथ्याङ्क संकलन र बिश्लेषण गर्नको लागि उपयुक्त फारामहरूको निर्माण गरी सान्दर्भिक दस्तावेजहरू संकलन र तथ्याङ्क विश्लेषण गरी अनुसूची २ र ३ बमोजिमका आवश्यक दस्तावेजहरू तयार गर्ने ।
- स्वीकृत कार्ययोजना बमोजिम आवधिक योजना तर्जुमाको लागि सम्बन्धित वडा समितिको पहलमा वडास्तरीय परामर्श बैठकहरू सञ्चालन गर्ने ।
- यसमा जनताको प्रतिनिधिमूलक सहभागिताको लागि सर्वप्रथम सामुदायिक संस्था, टोल विकास संस्था, सहकारी, सामुदायिक वन उपभोक्ता समूह, खानेपानी उपभोक्ता समूह, महिला समूह, आमा समूह, सामुदायिक विद्यालय, वडामा क्रियाशिल संघ संस्थाहरू, बालक्लव, निजी क्षेत्र, राजनीतिक दलका वडास्तरीय प्रतिनिधि लगायतका सरोकारवालाहरूसँग परामर्श गर्ने।
- उक्त परामर्शबाट द्वितीय स्रोतबाट प्राप्त हुन नसकेका आधारभूत सूचनाहरू सङ्कलन गर्ने, समस्या तथा चुनौति र अवसरहरू पहिचान गर्ने ।

प्रमुख प्रशासकीय अधिक



Scanned with CamScanner

बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश प्रदेश
२०७२

५.५ वडा तहबाट समस्या पहिचान, सम्भावना पहिचान र संकलनः

- आवधिक योजना तर्जुमाका लागि SWOT Analysis (Strength, Weakness. Opportunity, Threat) को माध्यमले वडा तहमा समस्या र सम्भावनाको पहिचान, वस्तुस्थिति विश्लेशण, GIS mapping: सरोकारवालाहरूको बैठकवाट पर्याप्त सूचना प्राप्त नभएमा थप सूचना प्राप्त गर्न वा प्राप्त सूचनाहरूको पुष्टिको लागि एक वा एकभन्दा बढी प्रमुख सूचनादाता अन्तरवार्ता र लक्षित समूह छलफलहरू गर्ने
- यस क्रममा सहभागितामूलक औजारहरूको प्रयोग गरी आवश्यक सूचना सङ्कलन गर्ने र प्राप्त तथ्याङ्क एवं जानकारीसमेतलाई विश्लेषण गरी वडा समितिको बैठकमा छलफलको लागि प्रस्तुत गर्ने।
- वडा समितिले वडा प्रतिनिधिहरू, वडा समितिका कर्मचारीहरू, वडामा रहेका सेवा प्रदायक संस्थाहरू र विषय विज्ञहरूलाई आमन्त्रण गर्ने । उक्त छलफलमा वडास्तरीय वस्तुस्थिति, समस्या, चुनौती, अवसर, क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख योजना तथा कार्यक्रमहरूका सम्बन्धमा छलफल गर्ने ।
- सबै वडाहरूवाट प्राप्त तथ्याङ्क र सुझावहरूको आधारमा वस्तुगत अवस्था झल्काउने जिआइएस नक्शाहरु (GIS Mapping) तयार गरी स्थानीय तहको विद्यमान वस्तुगत अवस्था नक्शामा प्रस्तुत गर्ने ।

५.६ कार्यशाला गोष्ठी संचालन र आवधिक योजनाको मस्यौदा तयारीः

यस ३-दिने कार्यशाला गोष्ठीमा जनप्रतिनिधी, सामुदायिक संस्था, टोल विकास संस्था, सहकारी, सामुदायिक वन उपभोक्ता समूह, खानेपानी उपभोक्ता समूह, महिला समूह, आमा समूह, सामुदायिक विद्यालय, वडामा क्रियाशिल संघ संस्थाहरू, बालक्लव, निजी क्षेत्र, राजनीतिक दलका वडास्तरीय प्रतिनिधि लगायतका समावेशी प्रतिनिधित्व गराई सहभागितामूलक छलफलबाट सूचना तथा जानकारी सङ्कलन तथा विश्लेषण गर्नु पर्नेछ । यस कार्यशर्तमा तोकिए अनुसारको विधि, प्रक्रिया, चरण तथा क्रियाकलापहरू पूरा गरी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ मा तोकिएको मापदण्ड र ढाँचा अनुसार आवधिक योजनाको मस्यौदा तयार गर्नु पर्नेछ ।

५.७ आवधिक योजनाको अन्तिम प्रतिवेदन तयारीः

प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र तथा आवधिक योजना तर्जुमा निर्देशक समितिसँग आवधिक योजनाको मस्यौदामाथी छलफल गरी प्राप्त पृष्ठपोषण अनुसार मस्यौदालाई अन्तिम रुप दिनु पर्नेछ । प्राप्त सुझावहरू अन्तिम दस्तावेजमा समावेश गरी अन्तिम रुप दिनु परामर्शदाताको कर्तव्य हुनेछ ।

५.८ आवधिक योजनाको अनुमोदनः

बरहथवा नगरपालिकाको कार्यपालिकाको बैठकमा अन्तिम दस्तावेज माथि छलफल गरी समझदारी निर्माणका साथै अनुमोदन गराउनु पर्नेछ । यस कार्यविवरण, सम्झौता तथा कार्ययोजना अनुसार योजना, प्रतिवेदन, तथ्यांक एवं कागजातहरू तयार गरी पेश गर्नु पर्नेछ ।

६. योजनाका लक्ष्य निर्धारण गर्दा राष्ट्रिय तथा प्रदेशका लक्ष्यलाई ध्यान दिनु पर्नेः

(क) सन २०२२ मा नेपाललाई अल्पविकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति गर्ने विषय।
(ख) दिगो विकासका लक्ष्यहरू हासिल गर्दै विक्रम सम्वत् २०८७ सम्म नेपाललाई मध्यम आय भएको मुलुकको रूपमा स्तरोन्नति गर्ने विषय।
(ग) विक्रम सम्वत् २१०० सम्म नेपाललाई उच्च आय भएको मुलुकका रुपान्तरण गरी समृद्ध नेपाल र सुखी नेपालीको दूरदृष्टी (Vision 2100) कार्यान्वयन गर्ने विषय।
(घ) नेपाल सरकारले अंगिकार गरेका राष्ट्रिय नीति कार्यान्वयन गर्ने विषय।
(ङ) पन्ध्रौं योजना कार्यान्वयन गर्न स्थानीय तहले सङ्घलाई सघाउनु पर्ने विषय।
(च) कर्णाली प्रदेशको प्रथम आवधिक विकास योजना कार्यान्वयन गर्न स्थानीयतहले प्रदेशलाई सघाउनु पर्ने विषय।
(छ) तीनै तहको साझा अधिकार क्षेत्रमा प्रदेश र स्थानीयतहले सङ्घलाइ सघाउनु पर्ने विषय।

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरहथवा, सर्लाही २०७३

(ज) स्थानीय तहका लक्ष्य निर्धारण गर्दा १५ औं आवधिक योजना र प्रदेशको पञ्चवर्षिय योजनामा उल्लेख भएका सूचकसंग तुलना गर्न मिल्नेगरी निर्धारण गर्नु विषय।

(झ) कार्यक्रम छनौट गर्दा दिगो विकास लक्ष्य प्राप्त गर्न सघाउने कार्यक्रमलाई प्राथमिकता दिने विषय।

## ७. बुझाउनु पर्ने प्रतिवेदन/प्रतिफल (Deliverables) र समयावधि:

मिति २०८० आषाढ १५ गते भित्र परामर्शदाताले आवधिक योजना तर्जुमा सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्नु पर्नेछ । परामर्शदाताले कार्यशर्त बमोजिम आवधिक योजना तर्जुमाको काम सम्पन्न गरी तोकिएको ढाँचामा देहाय बमिजमको समय तालिका अनुसार प्रतिवेदन/प्रतिफल (Deliverables) बुझाउनु पर्नेछ ।

| प्रतिवेदन/प्रतिफलको प्रकार | समावेश गर्नुपर्ने विवरण, तथ्यांक र कागजातहरु | समयसीमा |
|---|---|---|
| कार्य प्रारम्भ प्रतिवेदन | कार्ययोजना, तथ्यांक संकलन फाराम, सुचाङ्कसहितको प्रारम्भिक प्रतिवेदन, पालिकाको प्रमुखको संयोजकत्वमा गठित निर्देशक समितिले यो सुरुवाती प्रतिवेदन | कायदिश अनुसार कार्य प्रारम्भ गर्न तोकेको मितिले सात (७) दिन भित्र |
| संकलित सबै तथ्याङ्कहरू | कार्यशाला, छलफल, बैठकको उपस्थिति तथा निर्णय पुस्तिकाको प्रति; अनसूची- २ बमोजिमका अन्य दस्तावेजहरु; अनुसूची- ३ बमोजिमको स्थानीय तहको पार्श्वचित्र | कायदिश अनुसार कार्य प्रारम्भ गर्न तोकेको मितिले ४२ दिन भित्र |
| आवधिक योजनाको मस्यौदा प्रतिवेदन | तोकिएको ढाँचामा कार्यशर्तको कार्यक्षेत्र भित्र रहेर तयार पारिएको नगर/गाउँपालिकाको आवश्यक दस्तावेज सहितको आवधिक योजनाको मस्यौदा | कायदिश अनुसार कार्य प्रारम्भ गर्न तोकेको मितिले ६० दिन भित्र |
| आवधिक योजनाको अन्तिम प्रतिवेदन | मस्यौदा प्रतिवेदनको समिक्षाको क्रममा विभिन्न सरोकारवालाबाट प्राप्त पृष्ठपोषणलाई समायोजन गरी तयार पारिएको आवश्यक दस्तावेज सहित अन्तिम आवधिक योजना | कायदिश अनुसार कार्य प्रारम्भ गर्न तोकेको मितिले ७५ दिन भित्र |

## ८. परामर्शदाताले सुम्पनु पर्ने अन्तिम प्रतिवेदन:

परामर्शदाताले कार्यशर्त बमोजिम आवधिक योजना तर्जुमाको कार्य सम्पादन गरि तोकिएको ढाँचामा प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र जनकपुरधाम र बरहथवा नगरपालिकामा सफ्टकपि र सक्कल हार्डकपी पेश गर्नु पर्नेछ ।

## ९. कार्य सम्पन्न गर्न लाग्ने अनुमानित जनशक्ति र कार्यदिन:

एक स्थानीय तहको आवधिक योजना निर्माणका लागि जनशक्तिको कार्यसम्लग्नता निम्नानुसार हुने अनुमान गरिएको छ ।

| सि.नं. | आवश्यक जनशक्ति | जम्मा कार्यदिन | कार्य प्रकृति | | कैफियत |
|---|---|---|---|---|---|
| | | | स्थलगत | आन्तरिक | |
| १. | शहरी योजनाकार (टिम लिडर) | ४० | ३० | १० | |
| २. | अर्थशास्त्री | २५ | १३ | १२ | |
| ३. | समाजशास्त्री | १५ | १५ | ० | |
| ४. | भूगर्भ विज्ञ | १५ | १५ | ० | |
| ५. | आर्किटेक्ट ईन्जिनियर | २५ | २० | ५ | |
| ६. | वातावरण विज्ञ | १५ | ११ | ४ | |
| ७. | GIS Experts | २५ | २० | ५ | |
| ८. | Civil Engineer | २५ | २५ | ५ | |
| ९. | फिल्ड सहायक | २५ | १० | १५ | |
| | जम्मा | २१० | १५९ | ५६ | |



प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश प्रदेश
२०७२

### १०. अनुगमन तथा गुणस्तर नियन्त्रणः

(क) परामर्शदाताले आवधिक रुपमा कामको प्रगति आवधिक योजनाको निर्माणको लागि बरहथवा नगरपालिकामा गठित सहजिकरण समिति र निर्देशन समितिमा पेश गर्नेछ। सहजिकरण समिति र निर्देशक समितिबाट प्राप्त पृष्ठपोषण अनुसार परामर्शदाताले आफ्नो कामको तौरतरिका तथा प्रकृयामा समयमा नै सुधार गरी कामको गुणस्तरको सुनिश्चितता गर्नेछ । प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र तथा सम्बन्धित स्थानीय निकायले पनि परामर्शदाताको विज्ञ टिम स्थलगत रूपमा बसे नबसेको, तोकिएको कार्यशर्त बमोजिम काम भए नभएको अनुगमन गरी निर्देशक तथा सहजीकरण समितिमा छलफल गराई आवश्यकता अनुसार निर्णय लिने र कामको गुणस्तरको सुनिश्चितता गर्नेछ ।

(ख) आवधिक योजनाको अन्तिम मस्यौदा प्राप्त भएपछि उक्त मस्यौदा उपर प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवं नीति तथा योजना आयोगमा प्रतिकृयांको लागि पठाईनेछ।मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवं नीति तथा योजना आयोगले समेत प्राप्त दस्ताबेजको अध्ययन गरी गुणस्तरीयता कायम गर्न आवश्यक सुझाव दिन सक्नेछन् ।उक्त सुवाझ समेत समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप दिनु परामर्शदाताको कर्तव्य हुनेछ ।

(ग) आवधिक योजनामा प्रयोग हुने फन्टहरूमा नेपालीको लागि प्रीति वा कालिमाटी यूनिकोड फन्ट र अग्रेजीको लागि Times New roman को प्रयोग गर्नु पर्नेछ।आवधिक योजना कितावको ढाँचा आकर्षक बनाउनु पर्नेछ।

(घ) द्वितीय स्रोत सामाग्रीको प्रयोग गर्दा Plagiarism (बौद्धिक चोरी) गर्न नहुने तर्फ पूर्ण सतर्क हुनु पर्नेछ।

### ११. परामर्शदाता संस्थाको योग्यता

आवधिक योजना तयार गर्न इच्छुक फर्म/कम्पनी/संस्थाको न्यूनतम योग्यता निम्नानुसार हुनुपर्नेछ ।

क. संस्थाको विधान वा प्रबन्ध पत्र तथा नियमावलीमा उल्लिखित उद्देश्य अनुसार काम गर्न मान्यता प्राप्त संस्थाबाट विधिवत रूपमा दर्ता भई सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव हुनुपर्नेछ ।

ख. आ.ब. २०७८/७९ को कर चुक्ता भएको हुनुपर्ने छ ।

ग. कार्यशर्तमा उल्लेख भए अनुसारका जनशक्तीहरूको उपलब्धता भएको हुनुपर्ने छ।

घ. विगतमा बरहथवा नगरपालिकाको वार्षिक नीति, कार्यक्रमहरुको अध्यन, विस्लेषण, गरि, तालिम, गोष्ठी, कार्यशाला, परामर्श दिएको, वा सोसँग सम्बन्धित अन्य कार्यहरू सम्पन्न गरेको अनुभव भएको हुनुपर्ने छ ।

ङ. संस्था कालो सूचीमा नपरेको र सोकोलागि स्वघोषणा पत्र पेश गर्नु पर्ने छ ।

### १२. संलग्न जनशक्तिको आवश्यक संख्या, न्यूनतम योग्यता र अनुभव

एकिकृत योजना निर्माणमा संलग्न रहने परामर्शदाताको टिममा देहायका विज्ञहरू रहनुपर्नेछ र उक्त विज्ञ टिमले प्राविधिक सहजीकरण समितिको प्रत्यक्ष निर्देशन र समन्वयमा रही स्थलगत रूपमै नियमित रूपमा कार्य गर्नुपर्नेछ ।

| जनशक्ति | संख्या | योग्यता |
|---|---|---|
| टोली प्रमुख | १ | मान्यता प्राप्त विश्वविद्यालयबाट सार्वजनिक नीति, विकास नीति, अर्थशास्त्र वा सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर गरी एकीकृत शहरी विकासको क्षेत्रमा कम्तीम ५ वर्षको अनुभव भएको |
| समाजशास्त्री | १ | विकास योजना वा अन्य उपयुक्त सामाजिक विज्ञानका विषयमा मान्यता प्राप्त विश्व विद्यालयवाट स्नातकोत्तर उत्तीर्ण भई योजना तर्जुमाका क्षेत्रमा कम्तिमा ५ वर्षको अनुभव भएको। नेपाली भाषामा प्रतिवेदन लेख्ने दक्षता भएको र स्थानीय तहको |



प्रमुख प्रशासकीय अधिकृत

बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश प्रदेश
२०७२

| | | |
|---|---|---|
| | | परिवेश बारे राम्रो ज्ञान भएको हुनुपर्नेछ। |
| अर्थशास्त्री | १ | मान्यता प्राप्त विश्व विद्यालयवाट अर्थशास्त्र वा व्यवस्थापन विषयमा स्नातकोत्तर उत्तीर्ण भई योजना तर्जुमा क्षेत्रमा कम्तिमा ५ बर्षको अनुभव भएको ।योजना तर्जुमा गर्दा आर्थिक तथा गैह आर्थिक क्षेत्रका कार्यक्रम अनुसार लागत अनुमान गर्ने ज्ञान भई नेपाली भाषामा प्रतिवेदन लेख्ने क्षमता भएको हुनुपर्नेछ। |
| Geo-Technical Engineer | १ | Geo Technical Engineering मा स्नातक गरेको |
| आर्किटेक्ट ईन्जिनियर | १ | आर्किटेक्ट ईन्जिनियरिङमा स्नातक भइ नेपाल ईन्जिनियरिङ काउन्सिलमा दर्ता भएको र सम्बन्धीत काममा अनुभव हासिल गरेको |
| GIS Expert | १ | GIS विषयमा स्नातक गरी कम्तिमा ५ .वर्ष GIS सम्बन्धी काम गरेको अनुभव भएको |
| वातावरण विज्ञ | १ | वातावरण इन्जिनियरिङ्ग मा स्नातक भइ नेपाल ईन्जिनियरिङ काउन्सिलमा दर्ता भएको वा सो सरहको इन्जिनियरिङ्ग विषयमा स्नातक गरी योजना तर्जुमा क्षेत्रमा अनुभव हासिल गरेको। |
| सिभिल इन्जिनियर | १ | नेपाल ईन्जिनियरिङ काउन्सिलमा दर्ता भएको र सिभिल इन्जिनियरिङ्गमा स्नातक गरी सम्वन्धित विषय क्षेत्रमा कम्तिमा ५ वर्षको कार्य अनुभव हासिल गरेको। |
| फिल्ड सहायक | १ | स्नातक तह अध्ययन गरेको। तथ्याङ्क सङ्कलन सम्बन्धी ज्ञान भएको। सुपरभाईज गर्न सक्ने। फिल्ड रिपोट तयार गर्न सक्ने। कम्तिमा १ बर्षको अनुभव भएको। |

## १३. परामर्शदाता छनौट विधिः

आ प्रस्तावहरुको मूल्यांकन सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

## १४. मुल्यांकन आधार

| मूल्यांकनका आधारहरु | अंकभार |
|---|---|
| क. सम्बन्धित क्षेत्रमा प्रस्तावदाताको अनुभव (आवधिक योजना तयारी, मध्यमकालीन खर्च संरचना तयारी, वार्षिक नीति कार्यक्रम तथा बजेट तयारी, दिगो विकाशका लक्ष्यहरुको स्थानीयकरण) | २० |
| ख. स्थानीय तहको वार्षिक नीति, कार्यक्रमको अध्यन, विस्लेष्ण, तथा सम्बन्धित क्षेत्रमा जनप्रतिनिधि, कर्मचारीहरुको क्षमता अभिवृद्धि गराएको अनुभव | १५ |
| ग. कार्य सम्पादन गर्ने तरिका, कार्ययोजना र कार्य क्षेत्रगत शर्तप्रतिको प्रभावग्रहिता | १५ |
| घ. संघीय, प्रदेश, र स्थानीय गरि तिनै तहको सरकार विच नीति, कार्यक्रम, तथा बजेट सम्बन्धि समन्वय, सहकार्य हुने कार्यक्रम संचालन गरेको अनुभव | १० |
| ङ. विज्ञ प्रमुख जनशक्तिहरूको योग्यता र अनुभव | ४० |
| जम्मा पुर्णांक | १०० |

परामर्शदाता फर्मको प्राविधिक प्रस्तावको उतिर्णाङ्क ७० हुनेछ ।

## १५. विविध

यसमा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ (संशोधन सहित) तथा अन्य प्रचलित नेपालको कानुन बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

अनुसूची-१

बेस म्याप

बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश प्रदेश
२०७३



Scanned with CamScanner

अनुसूची-२

# स्थानीय तहको पाश्वचित्र

**परिच्छेद १: परिचय**

१.१ पृष्ठभूमि

१.२ स्थानीय तहको वस्तुस्थिति विवरण

१.३ स्थानीय तहको विकासको समीक्षा

**परिच्छेद २: प्रादेशिक योजना**

२.१ पृष्ठभूमि

२.२ चुनौती तथा अवसर

२.३ योजना खाका

- २.३.१ स्थानीय तहको सोच
- २.३.२ स्थानीय तहको लक्ष्य
- २.३.३ स्थानीय तहको उद्देश्य
- २.३.४ परिमाणात्मक लक्ष्य
- २.३.५ रणनीति

२.४ समष्टिगत आर्थिक लक्ष्य र खाका

२.४.१ आर्थिक वृद्धिदर

२.४.२ लगानीको आवश्यकता र स्रोत

२.४.३ सार्वजनिक स्रोत व्यवस्था

२.४.४ अन्तर सरकारी वित्त

२.४.५ स्रोत साधनको बाँडफाँट तथा परिचालनका आधारहरू

**परिच्छेद ३: समष्टिगत आर्थिक नीति**

३. १ सार्वजनिक वित्त

- ३.१.१ सार्वजनिक खर्च
- ३.१.२ राजस्व
- ३.१.३ वैदेशिक सहायता परिचालन
- ३.१.४ सार्वजनिक ऋण

३.२ सार्वजनिक, निजी र सहकारी साझेदारी

३.३ वैदेशिक लगानी

**परिच्छेद ४०: आर्थिक क्षेत्र**

**४.१ कृषि तथा प्राकृतिक स्रोत**

- ४.१.१ कृषि विकास
- ४.१.२ पशुपन्छी विकास
- ४.१.३ खाद्य सुरक्षा तथा पोषण
- ४.१.४ सिंचाइ
- ४.१.५ भूमि व्यवस्था
- ४.१.६ जलस्रोत
- ४.१.७ वन तथा वनस्पति सम्पदा
- ४.१.८ खनिज सम्पद

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

४.२ उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन

- ४.२.१ उद्योग
- ४.२.२ वाणिज्य
- ४.२.३ आपूर्ति
- ४.२.४ पर्यटन

परिच्छेद ५ः सामाजिक क्षेत्र

५.१ जनसंख्या तथा बसाइँसराइ

- ५.२ शिक्षा
- ५.३ स्वास्थ्य तथा पोषण
- ५.४ खानेपानी तथा सरसफ
- ५.५ युवा
- ५.६ महिला
- ५.७ बालबालिका तथा किशोरकिशोरी
- ५.८ ज्येष्ठ नागरिक
- ५.९ अपांगता भएका व्यक्तिहरू
- ५.१० खेलकूद
- ५.११ सामाजिक सुरक्षा तथा संरक्षण

परिच्छेद ६ः पूर्वाधार क्षेत्र

६.१ ऊर्जा

- ६.१.१ जलविद्युत्
- ६.१.२ वैकल्पिक तथा अन्य ऊर्जा

६.२ यातायात पूर्वाधार सड्क

- ६.२.२ सडक
- ६.२.२ केवलकार, रज्जुमार्ग तथा अन्य यातायात
- ६.२.३ यातायात व्यवस्थापन

६.३ सञ्चार तथा सूचना प्रविधि पूर्वाधार

६.४ प्रादेशिक तथा स्थानीय पूर्वाधार

६.५ विज्ञान तथा प्रविधि

६. ६ शहरी विकास

६.७ ग्रार्मीण विकास

६.८ आवास तथा बस्ती विकास

६.९ पुनर्निर्माण

परिच्छेद ७०ः लोकतन्त्र र सुशासन

७.१ राष्ट्रिय एकता

७.२ सुरक्षा

७.३ शान्ति र सुव्यवस्था

७.५ निर्वाचन प्रणालीमा सुधार

७.४ नेतृत्व निर्माण

७.६ मानव अधिकार

७.७ न्याय प्रणाली



बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश प्रदेश
२०७२


प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

७.८ संघीय शासन प्रणाली
७.९ स्थानीय तहको सन्तुलित विकास
७.१० शासकीय सुधार
७.११ प्रशासकीय सुशासन
७.१२ वित्तीय सुशासन
७.१३ भ्रष्टाचार निवारण
७. १४ मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण

परिच्छेद ८०:
अन्तरसम्बन्धित विषय
८. १ तथ्याङ्क प्रणाली
८.२ गरिबी निवारण
८.३ श्रम तथा रोजगारी
८.४ मानव सशाधन विकास
८.५ अनुसन्धान तथा विकास
८.६ उद्यमशीलता विकास
८.७ समानता
८.८ समावेशीकरण
८.९ सामाजिक सुधार
८.१० सामाजिक सांस्कृतिक विविधता
८.११ विपद् व्यवस्थापन
८.१२ वातावरण
८.१३ जलवायु परिवर्तन
८.१४ सामुदायिक साझेदारी र गैरसरकारी संस्थाहरू

परिच्छेद ९: योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन
९.१ योजना तर्जुमा
९.२ आयोजना बैं
९.३ संस्थागत तथा कार्यान्वयन व्यवस्था
९.४ तहगत सम्बन्ध तथा अन्तरसरकार समन्वय
९.५ जोखिम व्यवस्थापन
९.६ अनुगमन तथा मूल्याइन

विषय क्षेत्रगत खाका
१. पृष्ठभूमि
२. प्रमुख समस्या
३. चुनौती तथा अवसर
४. क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति
४.१ सोच
४.२ लक्ष्य
४. ३ उद्देश्य
४.४ रणनीति
४.५ कार्यनीति
४.६ प्रमुख कार्यक्रम

बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरहथवा, सर्लाही मधेश प्रदेश २०७२

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश प्रदेश
२०७२

५. अपेक्षित उपलब्धि

६. नतिजा खाका

| क्र. सं. | प्रमुख नतिजा | एकाई | आधार बर्ष २०७९/८० | आ.ब. २०८४/८५ को लक्ष्य | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | प्रभाव | | | | | | |
| २ | असर | | | | | | |
| ३ | प्रतिफल | | | | | | |
| ४ | कार्यक्रम तथा आयोजना | | | | | | |
| | | | | | | | |

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश प्रदेश
२०७३

## अनुसूची-३

### एकिकृत विकास योजना निरमाण गर्दा बनाउनुपर्ने आवश्यक दस्तावेजहरू

१. **रणानीतिक मार्गदर्शन** : आवधिक योजनामा स्थानीय तहको दिर्धकालिक सोच, लक्ष्य, उदेश्य, रणानीति समावेस गर्नु पर्नेछ । यो तयार गर्दा SWOT Analysis, PESTLE विश्लेषण गरी समावेस गर्नुपर्नेछ ।

२. **विश्लेषण सहितको श्रोत नक्सा (Resource Map)** : यस श्रोत नक्सामा GIS Map मा नगर तथागाउँ क्षेत्रमा रहेका सडक, संरचना, हरियाली क्षेत्र, नदीनाला, खोला, तालतलैया, धोगिक कृषि क्षेत्र, जलश्रोत, विधुत, सार्वजनिक क्षेत्र, सांस्कृतिक पर्यटकीय क्षेत्र आदि विषय समेट्नु पर्नेछ । श्रोत नक्सामा रहनुपर्ने विषय अनुसूची १ अनुसार हुनेछ ।

३. **स्थानीय तहको पाश्वचित्र (Profile)** : राष्ट्रिय योजना आयोगबाट तयार गरिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५ को ढाँचामा पाश्वचित्र तयार गर्नुपर्नेछ ।

४. **भूउपयोग योजना:** भुउपयोग निर्माण गर्दा जोखिम संवेदनशीलताको विश्लेषण गरी स्थानीय तहको भूगोललाई कृषि क्षेत्र, वन क्षेत्र, खानी क्षेत्र, आवासिय क्षेत्र, वजार क्षेत्र, औधोगिक क्षेत्र, प्रशासनिक क्षेत्र, व्यापारिक क्षेत्र, जोखिम संवेदनशील क्षेत्र, औपचारिक क्षेत्र आदीमा विभाजन गरी GIS MAP मा राख्नुपर्नेछ ।भूउपयोग निर्माण गर्दा संघीय भूमि व्यवस्था तथा गरिवी निवारण मन्त्रालयको निर्देशिका पालना गर्नुपर्नेछ ।

५. **वातावरण व्यवस्थापन योजना:** यस योजनामा फोहोरमैला व्यवस्थापन, ल्याडफिल्ड स्यानेटर ल्याडफिल साईट, प्रदुषण सम्बन्धि (हावा, पानी, जमिन, ध्वनी) हरियाली व्यवस्थापन, वन, पार्क, संरक्षण क्षेत्र आदी विषयका योजनाहरू Indicative रूपमा र Spatial रूपमा उल्लेख गर्नु पर्नेछ।

६. **सामाजिक विकास योजना** : यस योजनामा शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता आदि विषयहरू समेट्नु पर्दछ ।

७. **आर्थिक विकास योजना:** यस योजनामा औधोगिक ग्राम, औधोगिक करिडोर, विशेष उत्पादनको लागि औधोगिक क्षेत्र, लघु तथा साना उद्यम क्षेत्रको विकास, आय आर्जन सीप विकास, पर्यटन विकास आदि क्षेत्रहरूलाई Indicative रूपमा र Spatial रूपमा उल्लेख गर्नुपर्नेछ।

८. **संस्थागत तथा श्रोत विकास योजना:** यस योजनामा स्थानीय तहको जनशक्ति, जनप्रतिनिधि तथा समग्र संस्थाको क्षमता विकास योजना, जनशक्ति व्यवस्थापन योजना, संगठन विकास योजना समावेस गर्नुपर्नेछ । साथै यस योजनामा एकिकृत योजनाको कार्यक्रमहरूलाई आवश्यक पर्ने श्रोतहरू के कसरी जुटाउने, निजी लगानीलाई आकर्षित गर्ने विषय, निजी लगानीका क्षेत्रहरू, सामुदायिक लगानीका लगायतका विषयहरू समेट्नु पर्दछ ।

९. **शहरी पुनरूत्थान योजना:** यस योजनामा नेपालका प्राचिन शहरहरू पुनर्निर्माण र विकासका योजनाहरू समावेस गर्नुपर्नेछ । साथै यस योजनामा नेपाली बास्तुकलाको प्रयोग सम्बन्धी विषयहरू समेत समावेस गर्नुपर्नेछ ।

१०. **अन्य पूर्वाधार विकास योजना:** यस योजनामा खानेपानी, सिंचाई, विधुत, खेलकुद, रंगशाला, सामुदायिक भवन आदि पूर्वाधार योजनाहरूलाई Indicative and Spatial रूपमा समावेस गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश प्रदेश
२०७२

# आर्थिक प्रस्तावको ढांचा

| सि.नं. | शीर्षक | एकाई | परिमाण | प्रति एकाई अधिकतम दर | प्रस्तावित दर | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| क | जनशक्ति पारिश्रमिक | | | | | |
| १ | शहरी योजनाकार (टिम लिडर) | दिन | ४० | ५५०० | | |
| ५ | अर्थशास्त्री | दिन | २५ | ४४०० | | |
| ६ | समाजशास्त्री | दिन | १५ | ४४०० | | |
| २ | भूगर्भ विज्ञ | दिन | १५ | ४४०० | | |
| ३ | आर्किटेक्ट ईन्जिनियर | दिन | २५ | ४४०० | | |
| ४ | वातावरण विज्ञ | दिन | १५ | ४४०० | | |
| ७ | GIS Experts | दिन | २५ | ४४०० | | |
| ८ | Civil Engineer | दिन | २५ | ४४०० | | |
| ९ | फिल्ड सहायक | दिन | २५ | २००० | | |
| | जम्मा (क) | | | | | |
| ख | भ्रमण, बसोबास, उपकरण बैठक, गोष्ठी, अन्तर्क्रिया, कागज छपाई तथा अन्य सोधभर्ना हुने खर्च | | | | | |
| १ | ईन्धन, यातायात | एकमुष्ट | १ | २५,००० | | |
| २ | दैनिक भ्रमण भत्ता | दिन | १३० | १,६०० | | |
| ३ | समिति/उपसमितिलाई अभिमुखिकरण (३-दिने) | पटक | १ | १,००,००० | | |
| ५ | विषयगत समिति/उपसमितिको बैठक | पटक | ५ | १८,००० | | |
| ६ | निर्देशक समितिको बैठक | पटक | २ | १८,००० | | |
| ७ | प्राविधिक सहजीकरण समितिको बैठक | बैठक | २ | १०,००० | | |
| ८ | आवधिक योजना तर्जुमा कार्यशाला (३ दिन) | पटक | १ | ८६,००० | | |
| ९ | सरोकारवालाहरु संग सुझाव संकलन गोष्ठि | पटक | १ | ५०,००० | | |
| | वडा स्तरीय छलफल कार्यक्रम (साविक गा.वि.स.) अनुसार | बैठक | ७ | १५,००० | | |
| १० | प्रस्तुतिकरण र अनुमोदन | पालिका | १ | ५०,००० | | |
| ११ | स्टेशनरी, छलफल सामग्री, प्रोजेक्टर इत्यादी | पालिका | १ | १५,००० | | |
| १२ | विविध | एकमुष्ट | १ | २,५०० | | |
| | जम्मा (ख) | | | | | |
| ग | कूल जम्मा (क+ख) | | | | | |
| | कार्यालय व्यवस्थापन खर्च (ग को ४%) | | | | | |
| ङ | कूल जम्मा (ग+घ) | | | | | |
| ङ | मूल्य अभिबृद्धी कर (१३%) | | | | | |
| | कूल लागत | | | १ | | |

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner